नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०८२/८३
चलानी नम्बर:-

मिति:-२०८२/०७/०२
ने.सं.:-११४५ कौलागा १३, आइतबार

## विज्ञप्ति

२०८२ सालको शुभ-दीपावली, नेपाल सम्वत् ११४६, छठ लगायतका राष्ट्रिय पर्वहरूको सुखद उपलक्ष्यमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, निजी तथा संगठित संस्थामा आबद्ध पदाधिकारी एवम् कर्मचारी, सञ्चारकर्मी तथा समस्त मकवानपुर जिल्लावासीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुर परिवार हार्दिक शुभकामना व्यक्त गर्दछ ।

तिहार तथा छठ लगायतका पर्वहरू शान्तिपूर्ण एवम् सौहार्दपूर्ण वातावरणमा मनाउने सन्दर्भमा समुदायस्तरमा शान्ति सुव्यवस्था तथा अमनचयन कायम गर्न देहायका विषयवस्तुहरूको पूर्ण परिपालना गर्नु, गराउनु हुन समेत सबैमा हार्दिक अनुरोध छ ।

देहाय:-

क. चाडपर्वको समयमा आफूले खुशीयाली मनाउँदा/मनोरञ्जन गर्दा अन्य व्यक्ति, छिमेकी, टोल, समुदाय र सार्वजनिक जीवनमा असर नपर्ने गरी मनाउनु हुन,

ख. देउसी तथा भैलो लगायतका साँस्कृतिक मनोरञ्जनात्मक कार्यक्रमहरू राती ९:०० बजेसम्म मात्र सञ्चालन गर्नुहुन,

ग. तिहार र छठ पर्व मनाउने क्रममा पटका, भुईचम्पा, आतिशवाजी जस्ता प्रज्वलनशील पदार्थको प्रयोगबाट सर्वसाधारणको स्वास्थ्य, सुरक्षा लगायत समग्र जनजीवनमा प्रतिकूल असर पर्ने हुँदा त्यस्ता पदार्थको भण्डारण, बिक्री वितरण, ओसार-पसार तथा प्रयोग नगर्नु/नगराउनु हुन,

घ. दीप प्रज्वल एवं विद्युतीय उपकरणको प्रयोगबाट आगलागीको जोखिम रहने हुँदा उच्च सतर्कता अपनाउनु हुन,

ङ. जुवा/तास/लंगुरबुर्जा खेल्ने खेलाउने जस्ता कानूनले निषेध गरेका क्रियाकलपाहरू नगर्नु/नगराउनु हुन,

च. सार्वजनिक स्थलमा मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने लगायतका समाजमा अशान्ति सिर्जना गर्ने क्रियाकलापहरू नगर्नु/नगराउनु हुन,

छ. बजारमा अखाद्य एवम् म्याद गुज्रेका वस्तुहरूको बिक्री वितरण, मूल्य वृद्धि र कृत्रिम अभाव सिर्जना लगायतका उपभोक्ता हित विपरितका गतिविधिहरू नगर्नु/नगराउनु हुन,

ज. सवारी साधनहरूमा क्षमताभन्दा बढी यात्रु नराख्नु हुन, तोकिएको भाडा भन्दा बढी भाडा नलिनु हुन एवं जोखिमपूर्ण यात्रा नगर्नु/नगराउनु हुन,

झ. मिति २०७९-०४-११ को नेपाल राजपत्र अनुसार नेपाल सरकारले नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारण गर्न पूर्ण रूपमा रोक लगाएकोले सो कार्य नगर्नु/नगराउनु हुन,

ञ. शान्ति सुव्यवस्थामा प्रतिकूल असर पर्ने अवाञ्छित गतिविधिहरू भए गरेको वा भइरहेको जानकारी प्राप्त भएमा तत्काल नजिकको प्रहरी इकाई वा प्रहरी कन्ट्रोल रूम १०० मा जानकारी गराउनु हुन अनुरोध छ ।

माथि उल्लेखित विषय विपरितका गतिविधि/क्रियाकलाप सञ्चालन गरे/गराइएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

...........
(स्किम श्रेष्ठ)
प्रमुख जिल्ला अधिकारी